# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

**काठमाडौं, पुस २१ गते २०३२ साल**

श्री ५ को सरकार

**अर्थ मन्त्रालयको**

**सूचना**

श्री ५ को सरकारले खारेजमा परेका स्थायी कर्मचारी समान स्तरको स्थायी पदमा पुनः नियुक्ति भएमा देहायमा लेखिएबमोजिम गर्ने गरी मिति २०३२।८।५ मा निर्णय गरेको छ :–

१. कुनै कार्यालय वा पद नै श्री ५ को सरकारलाई आवश्यक नभई खारेजमा परेका स्थायी कर्मचारी समान स्तरको स्थायी पदमा पुनः नियुक्ति भएमा त्यस्ता कर्मचारीलाई पहिले खारेजमा परेका समयमा खाई पाइआएको स्तरको तलब मात्र दिने,

२. तलब खुवाउने र प्रतिवेदन पारित गर्ने कार्यालयहरूले यसै सूचनालाई अर्थ मन्त्रालयको आदेश मानी कारवाई गर्ने गराउने।

खण्ड १९ संख्या ३ मिति २०२६।१।१६ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनालाई खारेज गरिएको छ।

आज्ञाले–

नरकान्त अधिकारी

श्री ५ को सरकारको अतिरिक्त सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।